नेपाल नागरिक उड्डयन प्राधिकरण
गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय
सिद्धार्थनगर, रुपन्देही
फोन नं: ०७१-५९७०२६

# आन्तरिक आगमन(Domestic Arrival) भवनको बाहिर ATM Lounge सञ्चालन गर्ने सम्बन्धी खुला बोलपत्र आव्हानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०२/०५ गते)

गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक आगमन(Domestic Arrival) भवनको बाहिर प्रत्येक ATM को लागि २(दुई) वर्गमिटर क्षेत्रफलको दरले जम्मा ३(तीन) वटा फरक-फरक बैंकको ATM राख्न ५(पाँच) वर्ष अवधिको प्रति ATM न्यूनतम ठेक रकम रु.१,९२,९६०/-(अक्षरुपी: एक लाख बयानब्बे हजार नौ सय साठी रुपैया) कायम गरी विमानस्थल सेवा शुल्क नियमावली, २०७८ बमोजिम बढाबढ प्रक्रियाद्वारा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल राष्ट्र बैंकबाट कारोबार गर्न इजाजत प्राप्त गरेका इच्छुक क वा ख वर्गका बैंकले निम्न शर्तहरुको अधीनमा रही बोलपत्र फारम खरिद गरी रीतपूर्वक पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शर्तहरु

१. यो सूचना प्रकाशित भएको मितिले २१औं दिन(२०८३/०२/२५ गते) भित्र नेपाल नागरिक उड्डयन प्राधिकरणको नाममा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको खाता नंम्बर १०९०१०००६४९१७००१ मा रु.३३९०/-(अक्षरुपी: तीन हजार तीन सय नब्बे रुपैया) मूल्य अभिवृद्धि कर सहित(पछि फिर्ता नहुने) दाखिला गरी सोको सक्कल बैंक भौचर कार्यालयमा पेस गरी प्राप्त रसिद, लिखित निवेदन, फर्म/कम्पनी दर्ता प्रमाणपत्र(नविकरण/अद्यावधिक सहित)को प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, व्यवसाय सञ्चालन गर्ने काम कारबाहीमा भाग लिन अयोग्य नभएको, आफूले यस सम्बन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्वघोषणापत्र, नेपाल राष्ट्र बैंकबाट कारोबार गर्न प्राप्त इजाजतपत्र र यस कार्यालयलाई तिर्न/बुझाउन बाँकी बक्यौता नरहेको व्यहोराको पत्र यस कार्यालयको राजश्व इकाईबाट लिई कर्पोरेट शाखामा पेस गरी बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारम सूचना प्रकाशित भएको मितिबाट २१औं(२०८३/०२/२५ गते) दिनको कार्यालय समयभित्र खरिद गरी २२औं दिन(२०८३/०२/२६ गते) को १२:०० बजेभित्र कार्यालयको कर्पोरेट शाखामा दाखिला गरिसक्नुपर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे सम्बन्धित बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ । सो दिन बोलपत्रदाताको तर्फबाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनुपर्नेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए तापनि बोलपत्र खोल्न बाधा पर्नेछैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछिको लगत्तै कार्यालय खुलेको दिन सोही समय र स्थानमा बोलपत्र खरिद तथा दर्ता गरिनेछ ।

३.बोलपत्र पेस गर्दा बोलपत्रसाथ फर्म/कम्पनी दर्ता प्रमाणपत्र(नविकरण/अद्यावधिक सहित) को प्रतिलिपि, PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८१/८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हकमा प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि, Gautam Buddha Int'l Airport CAO-SEC को नाममा Himalayan Bank Ltd., Buddhachowk Branch मा रहेको धरौटी खाता नं: १२०५४२५४३०००७७ मा बोलपत्र जमानत रकम रु.९६४८/- दाखिला गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको कार्यालयको नाममा 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको कम्तिमा १२० दिन(बोलपत्र खोल्ने मितिबाट) मान्य अवधि भएको सक्कल बैंक ग्यारेण्टी, बोलपत्र सम्बन्धी कागजातमा हस्ताक्षर गर्न प्राप्त अख्तियारीनामा पत्र(Power of Attorney) र बोलपत्र सम्बन्धी कागजातमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।



Paringda

नेपाल नागरिक उड्डयन प्राधिकरण २०५५ CAAN 1998 CIVIL AVIATION AUTHORITY OF NEPAL गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय सिद्धार्थनगर, रुपन्देही

४. छनौट भएका बोलपत्रदाताहरुले तोकिएको स्थानमा आफ्नै खर्चमा ATM Lounge को लागि आवश्यक पर्ने अस्थायी संरचना निर्माण गर्नुपर्नेछ । ATM Lounge को नमुना बोलपत्र सम्बन्धी कागजातको पाना नं ९ मा रहेको छ । सम्झौता अवधि समाप्त भए पश्चात उक्त संरचना निशर्त स्वत: गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयको स्वामित्वमा आउनेछ । बोलपत्रदातालाई संरचना निर्माण तथा ATM Installation कार्यको लागि सम्झौता भएको मितिदेखि १(एक) महिनाको तयारी म्याद दिइनेछ । तयारी म्याद समाप्त भए पश्चात बहाल रकम र सम्झौताको अवधि गणना सुरु हुनेछ ।

५. प्रत्येक वर्ष वार्षिक बहाल रकम अग्रिम रुपमा एकमुष्ट भुक्तानी गर्नुपर्नेछ । विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम ४४(३) बमोजिम बोलपत्रदाताले सम्झौताको समयमा कुल ठेक्का रकमलाई वार्षिक किस्ता कायम गरी प्रत्येक वर्षको एकमुष्ट बहाल रकम अग्रिम भुक्तानी गर्न मन्जुर गरेमा त्यस्तो अग्रिम भुक्तानी रकममा पाँच प्रतिशतसम्म छुट दिइनेछ ।

६. दोस्रो वर्षदेखि प्रत्येक वर्ष बहाल रकममा नेपाल राष्ट्र बैंकले निर्धारण गरेको मूल्यवृद्धि सूचकांकको अनुपातमा स्वत: वृद्धि हुनेछ र सोही अनुरुप कायम हुन आउने बहाल रकम बुझाउनुपर्नेछ ।

७. प्राधिकरण तथा मातहतका विमानस्थल नागरिक उड्डयन कार्यालयलाई तिर्न/बुझाउनुपर्ने बाँकी बक्यौता रहेका व्यक्ति, फर्म/कम्पनीहरुले बोलपत्रमा भाग लिन पाउने छैनन् ।

८. दाखिला गर्ने बोलपत्रको खाम सिलबन्दी गरी खाम बाहिर आन्तरिक आगमन भवनको बाहिर ATM सेवा सञ्चालन गर्ने सम्बन्धी बोलपत्र लेखी श्री गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयलाई सम्बोधन गरी कार्यालयको कर्पोरेट शाखामा दर्ता गराउनुपर्नेछ ।

९. बोलपत्रमा कबोल रकम भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

१०. रीत नपुगी, म्याद नाघी, शर्तसहित पेस भएको वा तोकिएको कागजात पेस भई नआएको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

११. प्राप्त भएका बोलपत्रहरुमध्ये कार्यालयले अधिकतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएका Top Three Bank को बोलपत्र छनौट गर्नेछ ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित रहनेछ ।

१३. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ ।

१४. सम्झौता अवधिमा विमानस्थल सेवा शुल्क नियमावली, २०७८ मा कुनै संशोधन भएमा संशोधित व्यवस्था लागू हुनेछ ।

१५. यस सूचनामा नपरेका अन्य विषयहरु विमानस्थल सेवा शुल्क नियमावली, २०७८ तथा प्रचलित कानून बमोजिम हुनेछ ।



Purindra

नेपाल नागरिक उड्डयन प्राधिकरण २०५५ CIVIL AVIATION AUTHORITY OF NEPAL 1998 गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय सिद्धार्थनगर, रुपन्देही